स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कुनै बेला अभिनेत्री प्रियंका कार्कीलाई फिल्ममा अभिनय गर्न भ्याइनभ्याइ हुने गर्थ्यो। तर, अचेल उनी फिल्मका गीतमा बढी काम गरिरहेकी छन्। केही दिनअघि उनले नृत्य गरेको फिल्म 'हली'को गीत 'चानस पाए त' सार्वजनिक भएको थियो। अब उनले अर्को फिल्म 'प्रतिवैरम'को आइटम गीतमा नृत्य गरेकी छन्। चलचित्र विकास कम्पनीको सेटमा दुई दिनसम्म खिचिएको गीतमा संगीत मनिष अधिकारी छायांकन नितेश घतानले गरेका छन्।

आजको विचार...



गरिबी...
(दुई पेजमा)

भरतप्रसाद देवकोटा



अभिनेता द्रय दयाहाङ राई र प्रकाश सपूतले पहिलो पटक सहकार्य गरेको फिल्म 'मिरमिरे'को छायांकन सुरु भएको छ। एक हप्ता वर्कसपमा बसेको निर्माण टिमले शनिबार पनौती नगरपालिका वडा नं. ११ बल्थलीस्थित लइकेश्वर आधारभूत विद्यालयमा क्यामेरा पूजा गर्दै छायांकन थालेको हो। यस शेर्पाको निर्देशनमा बन्न लागेको फिल्ममा दयाहाङ र प्रकाशसँगै सिर्जना निङ्लेखु, माओत्से गुरुङ, छुल्टिम गुरुङ, भोलाराज सापकोटा लगायतको अभिनय रहनेछ।

❐ वर्ष ३० ❐ अंक ३४२ ❐ २०८२ असार २३ गते सोमबार 7 July 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### टेक्सासमा बाढीका कारण ५० को मृत्यु

(रासस/एएफपी)——

**अमेरिका, असार २१**/अमेरिकाको टेक्सास राज्यमा मुसलधारे वर्षाका कारण आएको विनाशकारी बाढीका कारण मृत्यु हुनेको सङ्ख्या अहिलेसम्म ५० पुगेको छ । उद्धारकर्मीले हराइरहेका २७ जना बालिकाको खोजी जारी गरिरहेका छन् । मध्य टेक्सासमा समुदायहरूमा पानी बढेपछि धेरै आकस्मिक बाढीको चेतावनी जारी गरिएको छ, ग्वाडालुप नदी बाढीका कारण मात्र ४५ मिनेटमा २६ फिट (आठ मिटर) ले बढेको थियो । केर काउन्टीको ग्रीष्मकालीन शिविरमा सयौं मानिस बसिरहेका समय आएको बाढीका कारण ठूलो सङ्ख्यामा मानवीय हताहत भएको हो । बाढीप्रभावित क्षेत्रका शेरिफ ल्यारी लेइथाले भने, 'हामीले केर काउन्टीमा ४३ जना मृतकलाई उद्धार गरेका छौं । तीमध्ये २८ जना वयस्क र १५ जना बालबालिका छन् ।' अन्य काउन्टीहरूमा पनि बाढीको असर परेको र धेरै पीडितहरू फेला परेका छन् । बाढीका कारण अहिलेसम्म (आइतबारसम्म) मृत्यु हुनेहरूको सङ्ख्या ५० पुगेको छ । टेक्सास डिपार्टमेन्ट अफ इमर्जेन्सी म्यानेजमेन्टका प्रमुख निम किडले वायु, स्थल र जल सेनाले ग्वाडालुप नदीको किनारमा वेपत्ताहरूको खोजी कार्य जारी राखेका छन् । उनले भने, 'बेपत्ता भएका सबै नभेटिँदासम्म उनीहरूको खोजी जारी रहनेछ ।'

### सवारी दुर्घटना न्यूनीकरण गर्न सुझाव संकलन

# ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन गर्न जोड

रामचन्द्र रायमाझी ——

**पाल्पा,** आसार २२/जिल्लाको बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न सुझाव संकलन गरिएको छ । जिल्ला ट्राफिक कार्यालयले यहाँको सवारी व्यवस्थापन र दुर्घटना न्युनिकरण गर्न सुझाव संकलन गरेको हो ।

सरुवा भई जिल्लाको ट्राफिक प्रमुखका रुपमा आएका प्रविन आचार्यले सवारी व्यवस्थापन र दुर्घटना न्यूनीकरण कसरी गर्न सकिन्छ भनेर यहाँका पत्रकारहरुसँग सुझाव माग गरेका हुन् । उनले आइतबार एक कार्यक्रमकाबिच सुझाव संकलन गरे । कार्यक्रममा सहभागी पत्रकारहरुले सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन गर्नु पर्नेमा जोड दिएका छन् । उनीहरुले सवारी दुर्घटनाको मुख्य कारण चालकको लापरबाही, मदिरा तथा लागूऔषधको प्रयोग र तीव्र गति भएकाले त्यसलाई रोक्न ट्राफिक नियमको कार्यान्वयनमा





कडाइ गर्नुपर्ने सुझाव दिए । सडक सुरक्षा चुनौतीसँग जुध्नुको अर्को कारण सडकको दयनीय अवस्था रहेको पनि पत्रकारहरुले बताए । उनीहरुले भौगोलिक अवस्थाका कारण धेरै क्षेत्रमा भौतिक पूर्वाधार अत्यन्तै अपर्याप्त भएको भएका पनि उचित मर्मतसम्भारको अभावमा जीर्ण हुँदा सडकमा अनगन्ती खाल्डाखुल्डी, कमजोर ढल निकास प्रणाली, हिलोधूलो, अस्पष्ट सडक चिह्नले चालकमात्रै होइन, पैदल यात्रुलाई पनि जोखिम बढाएको बताएका छन् । पत्रकारहरुले ट्राफिक सचेतनाका कार्यक्रमहरु समेत विद्यालय तहमा स्थानीय सरकारको समन्वयमा गर्न सुझाव दिए । पुराना सवारीले निम्त्याउने जोखिम न्यूनीकरण गर्न व्यापक रणनीतिको आवश्यक रहेको पनि पत्रकारहरुले बताए । उनीहरुले चालक तथा पैदल यात्रीलाई सडक सुरक्षा अभ्यास, सिट बेल्ट र हेलमेटको उचित प्रयोग, तीव्र गति र लापरबाहीपूर्ण सवारी चलाउँदाका खतराका सम्बन्धमा जनचेतनामूलक कार्यक्रम आवश्यक रहेको उल्लेख गरे । कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले दुर्घटना न्यूनीकरणमा ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन गर्न आग्रह गरे । उनले ट्राफिक व्यवस्थापन र दुर्घटना न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रमहरुलाई समेत प्रभावकारी रुपमा सञ्चालन गर्नु पर्नेमा जोड दिए । अध्यक्ष तिमिल्सेनाले ट्राफिक कार्यालयबाट हुने सचेतनामूलक कार्यक्रमहरुको प्रचार-प्रसारमा जिल्लाका पत्रकारहरुको पूर्ण रुपमा सहयोग रहने समेत प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा ट्राफिक प्रमुख प्रविन आचार्यले पत्रकारहरुबाट आएका सुझावहरुलाई तत्काल कार्यान्वयन गर्ने बताए । उनले जिल्लाको ट्राफिक व्यवस्थापनलाई चुस्त बनाउने दिशामा आफु सशक्त भएर लाग्ने उल्लेख गरे ।

## गुल्मीका चार कृषक सम्मानित

**गुल्मी,** असार २२/गुल्मीमा व्यावसायिक कृषिकर्म गर्ने उत्कृष्ट कृषकलाई सम्मान गरिएको छ । कृषि ज्ञान केन्द्रले चार विधामा उत्कृष्ट चार कृषकलाई नगदसहित सम्मान गरेको हो ।

यसरी सम्मानित हुनेमा तरकारी विधामा रेसुङ्गा नगरपालिका-६ सिमाहाघाटस्थित नवोदय बहुउद्देश्यीय कृषि फर्मका सञ्चालक रेणु सार्की, फलफूल विधामा धुर्कोट गाउँपालिका-२ पिपलधारास्थित मौरी तथा सुन्तला फर्मकी सञ्चालक रातादेवी खनाल रहेका छन् । यसैगरी च्याउ विधामा छत्रकोट गाउँपालिका-४ रुक्सेस्थित द-हिमालयन एग्रोफर्म नेपालका सञ्चालक कृष्णप्रसाद कँडेल र मौरी विधामा रेसुङ्गा नगरपालिका-८ स्थित रेसुङ्गा कृषि, पशुपन्छी तथा मौरीपालन फर्मका सञ्चालक विष्णुमाया श्रीसलाई सम्मान गरिएको छ ।

मौरी विधाबाट सम्मानित हुने श्रीसले मौरी गोला र घार बिक्रीमा वार्षिक पाँच लाख बराबरको कारोबार गर्दै आएको बताइन् भने तरकारी विधामा उत्कृष्ट सार्कीले वार्षिक २५ देखि ३० लाखसम्मको कारोबार गर्ने गरेको बताइन् । यसैगरी फलफूल विधामा सम्मानित खनालले २९ रोपनी क्षेत्रफलमा सुन्तलाखेती गरेर वार्षिक करिब १५ लाखसम्मको कारोबार गर्दै आएको र च्याउ विधामा सम्मानित कँडेलले वार्षिक करिब १४ लाखसम्म कारोबार गर्ने गरेको त्यस अवसरमा जानकारी दिइयो ।

कार्यालयले रेसुङ्गा नगरपालिका-६ सिमाहाघाटस्थित नवोदय बहुउद्देश्यीय कृषि फर्मका सञ्चालक रेणु सार्कीलाई यस वर्षको सर्वोकृष्ट कृषकको रुपमा नगद १० हजार र अन्य कृषकलाई पाँच/पाँच हजारसहित सम्मान गरेको हो । कृषक सम्मानका लागि कृषि ज्ञान केन्द्र गुल्मीले गत पुस महिनामा १५ दिने सूचना प्रकाशित गरी निवेदन आह्वान गरेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिए । जिल्लामा हाल व्यावसायिक तरकारीखेती गर्ने कृषक १४५, सुन्तलाखेती गर्ने १९७, मौरीपालक किसान २५ र च्याउखेती गर्नेहरू १२ जना रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । *- रासस*

## तिनाउमा होमस्टे तालिम लिएकालाई बिउ पुँजी वितरण

कृष्ण पोखरेल——

**पाल्पा,** असार २२/जिल्लाको तिनाउ गाउँपालिकाले होमस्टे तालिम लिएकाहरुलाई बिउ पुँजी वितरण गरेको छ । पालिकाले होमस्टे सञ्चालन गर्दा चाहिने कृषि उत्पादन गाउँमै उत्पादन गर्ने अभियानाका साथ बाखा, बंगुर, कुखुरा, तरकारी, मौरी तालिम लिएका मरामकोट र जन्तीलुङ्गबासीहरुलाई बिउ पुँजी वितरण गरेको हो ।

विभिन्न लोकल कुखुरापालन तालिममा सहभागी भएका ३० जनाले ९ वटाका दरले लोकल कुखुरा, बंगुरपालनमा सहभागी २८ जनालाई एक /एक वटा बंगुरको बच्चा, बाखापालनमा सहभागीहरुलाई एक/एक वटा बाखा, तरकारी खेतीमा सहभागीहरुलाई दुई/दुई वटा टनेल, सिचाइँको लागि दुई/दुई वटा प्लाष्टिक ड्रम, पाईप स्प्रिङकल, मौरीपालनमा सहभागीहरुलाई एक/एक वटा आधुनिक मौरी घार लगायतका सरसमानहरु गाउँपालिकाले बिउ पुँजीका रुपमा वितरण गरेको छ । पाहुना



राख्नको लागि जन्तीलङ्गमा ७ वटा, मरामकोटमा २ वटा पाहुना घर निर्माण भएका छन् । गाउँपालिकाले होमस्टेमा चाहिने महको लागि मौरी, मासुको लागि कुखुरा बाखा, बंगुर, तरकारीको लागि मौसमी बेमौसमी तरकारी, दुबै गाउँका स्थानीयहरुलाई तालिम प्रदान गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विपद्को पूर्वतयारी खै ?

**मनसुन सक्रिय भएसँगै देशभर वर्षा भइरहेको छ । यद्यपि वर्षाको प्रकृति एउटै छैन । कतिपय क्षेत्रमा पानी परेको छैन भने केही ठाउँहरुमा निरन्तरको वर्षाले क्षति पुगेका घटनाहरु आइरहेका छन् । बर्षाका कारण क्षति भइरहे पनि त्यसलाई रोक्नका लागि आवश्यक तयारी हुन सकेको छैन । सुरुवाती बर्षातबाट नै क्षति भैरहेका समाचारहरु बाहिर आएका छन् । बर्षाको मुख्य दिन अर्थात् बढी र निरन्तर लाग्ने झरीको समय अझै बाकि नै छ । त्यस बेला हुने जनधनको क्षति निकै नै भयावह हुन सक्ने छ । यसतर्फ सम्बन्धित निकाय गम्भिर बन्नु जरुरी छ ।**

**अझ नेपाल त्यसै पनि प्राकृतिक विपद्हरूको उच्च जोखिममा रहेको देश हो । भौगोलिक बनावट, जलवायु परिवर्तनको असर, अन्धाधुन्ध भौतिक संरचना निर्माण लगायतका कारण बाढी, पहिरो, डुबान जस्ता प्रकोप बर्षेनिको समस्या बनेको छ । प्रकोपका कारण अपूरणीय क्षति पुगिरहेको छ । यस्तो बेला तीनै तहका सरकारले संयन्त्रहरु तयारी अवस्थामा राख्न आवश्यक छ । अझ प्रदेश र स्थानीय सरकार विपद् व्यवस्थापनको पहिलो मोर्चा हुन् । तर यी सरकारहरुसँग न त पर्याप्त स्रोत छ, न त दक्ष जनशक्ति । बाढी पूर्वसूचना प्रणाली, सुरक्षित बस्तीको व्यवस्था, पहिरोका उच्च जोखिम क्षेत्रको नक्साङ्कन, खुला स्थानहरूको संरक्षण जस्ता पूर्वतयारीका काममा ध्यान दिनुपर्नेमा, सरकार अझै पनि 'विपद् आएपछि के गर्ने' भन्नेमा देखिन्छन् । जबकि सरकारले 'विपद् पूर्व तयारी खर्च होइन, दायित्व हो' भन्ने बुझ्नुपर्छ । जनधनको रक्षा गर्नु सरकारको पहिलो दायित्व हो । विशेषगरी यो दायित्व स्थानीय सरकारले लिनु पर्छ । हाम्रा तीन तहका सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहवीचको हातेमालो र एकीकृत प्रयासले विपद् न्यूनिकरणको प्रभावकारी कदम चाल्न सकिन्छ । समस्यालाई एक अर्कालाई देखाएर जिम्मेवारीबाट पन्छने प्रवृतिको अन्त्य गरि विपद् न्यूनिकरणका लागि पूर्व तयारीलाई ध्यान दिने काम गरौं ।**

### Opinion @ Social Network

बिग्रिदैमा सबै कुराको महत्व घट्छ भन्ने हुँदैन
नामलाई बिगारेर नै हस्ताक्षर बनाइन्छ ।
*(सागर घर्तीको फेसबुक स्टाटस https://www.facebook.com/bk.Sagar.Gharti)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गरिबी निवारणमा सामाजिक सुरक्षा योजना



**भरतप्रसाद देवकोटा**

नेपाल जस्तो मुलुकमा कमजोर आयस्रोत भएका श्रमिकहरूलाई पूर्ण रूपमा सामाजिक सुरक्षा योजनामा सहभागी गराउन सके अबको केही दशकमा नै गरिबी निवारण हुनका साथै हाल सरकारले वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्तासमेत योगदानमा आधारित हुने हुँदा सरकारलाई थप दायित्वसमेत नपर्ने हुन्छ । श्रम ऐन २०७४ ले श्रमिकको सञ्चयकोष उपदान, स्वास्थ्य बीमा, दुर्घटना बीमा जस्ता सुविधाहरूको व्यवस्था गरेको छ । साथै सामाजिक सुरक्षा कोष योजना सञ्चालन गरेपश्चात ती सबै सुविधाहरूको व्यवस्थापन कोषले सञ्चालन गरेका स्किममार्फत नै हुने व्यवस्था गरिएका कारणले गर्दा कोषमा सहभागिता अपरिहार्य रहन्छ । विसं २०७६ साउन १ गतेदेखि सामाजिक सुरक्षा कोषमार्फत नियमित योगदान रकमसमेत संकलन भइरहेको छ । निजीगत संगठित क्षेत्रमा काम गर्ने श्रमिकहरूको पेन्सन तथा बीमा जस्ता विषय जुन थिएनन् । त्यसलाई व्यवस्थित गर्नको लागि र श्रम ऐनले श्रमिकका लागि तोकेका सुविधा व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोषको स्थापना भएको हो । संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अनुसार सबै औद्योगिक क्षेत्र सेवा क्षेत्र तथा चिया र कृषिमा न्यूनतम पारिश्रमिक निर्धारण गर्दा श्रमिकको परिवारको आधारभूत आवश्यकता पूर्ति गर्न पुग्नेगरी निर्धारण गर्नुपर्ने हो तर रोजगारदाताले बाहना बनाउँदै पछाडि हटेको देखिन्छ ।

वैदेशिक रोजगारमा रहेका व्यक्तिसँग सम्बन्धित सामाजिक सुरक्षा कार्यान्वयन वैदेशिक क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि बमोजिम हुने गर्दछ । पहिलो चरणमा देशभित्र औपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई मात्र समेटिने गरी सामाजिक सुरक्षा योजनाको सुरुवात भएको थियो वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूले सामाजिक सुरक्षा कोषमा योगदान रकम जम्मा गर्दा हाललाई रोजगारदाताले वा सरकारले थप कुनै रकम जम्मा गरिदिने व्यवस्था भने छैन । श्रमिकले दुई-दुई वर्षमा पुन: श्रम स्वीकृत लिने क्रममा म्यादी जीवन बीमा भर्ने गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । कोषमा योगदानकर्ताले देशभरका ७१ वटा अस्पतालबाट उपचार सुविधा पाउने लिन मिल्ने व्यवस्था छ । नेपाल जस्तो विकासमूलक देशमा सबै क्षेत्रमा समानुपातिक रूपमा विकास भई नसकेको निजी क्षेत्र नाफामा मात्र केन्द्रित हुनका साथै निजी क्षेत्रको व्यावसायिक नैतिकता र अनुशासन तथा ग्राहकमुखी दृष्टिकोण पूर्णरूपमा विकास भई नसकेको औद्योगिक क्षेत्रमा राष्ट्रिय अन्तर्राष्ट्रिय लगानी र विकास भइनसकेको अवस्थामा सार्वजनिक संस्थानको आवश्यकता दिन बढ्दो नेपालमा सार्वजनिक संस्थानको सुरुवात नभएको भए वर्तमान आर्थिक सामाजिक क्षेत्रको विकास हुने थिएन, जनताको जीवनस्तर अत्यन्त न्यून र अत्यन्त कष्टकर बन्नेथियो । प्रविधिमा विश्वले फड्को मारिरहेको अवस्थामा हामी ढुंगे युगको वातावरणमा बस्नुपर्ने अवस्था हुनेथियो । लगानीमैत्री वातावरण तयार गरी निजी क्षेत्रलाई समेत राष्ट्रिय विकासमा समाहित गराउने

> *वैदेशिक रोजगारमा रहेका व्यक्तिसँग सम्बन्धित सामाजिक सुरक्षा कार्यान्वयन वैदेशिक क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि बमोजिम हुने गर्दछ । पहिलो चरणमा देशभित्र औपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई मात्र समेटिने गरी सामाजिक सुरक्षा योजनाको सुरुवात भएको थियो वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूले सामाजिक सुरक्षा कोषमा योगदान रकम जम्मा गर्दा हाललाई रोजगारदाताले वा सरकारले थप कुनै रकम जम्मा गरिदिने व्यवस्था भने छैन । श्रमिकले दुई-दुई वर्षमा पुन: श्रम स्वीकृत लिने क्रममा म्यादी जीवन बीमा भर्ने गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । कोषमा योगदानकर्ताले देशभरका ७१ वटा अस्पतालबाट उपचार सुविधा पाउने लिन मिल्ने व्यवस्था छ । नेपाल जस्तो विकासमूलक देशमा सबै क्षेत्रमा समानुपातिक रूपमा विकास भई नसकेको निजी क्षेत्र नाफामा मात्र केन्द्रित हुनका साथै निजी क्षेत्रको व्यावसायिक नैतिकता र अनुशासन तथा ग्राहकमुखी दृष्टिकोण पूर्णरूपमा विकास भई नसकेको औद्योगिक क्षेत्रमा राष्ट्रिय अन्तर्राष्ट्रिय लगानी र विकास भइनसकेको अवस्थामा सार्वजनिक संस्थानको आवश्यकता दिन बढ्दो नेपालमा सार्वजनिक संस्थानको सुरुवात नभएको भए वर्तमान आर्थिक सामाजिक क्षेत्रको विकास हुने थिएन, जनताको जीवनस्तर अत्यन्त न्यून र अत्यन्त कष्टकर बन्नेथियो । प्रविधिमा विश्वले फड्को मारिरहेको अवस्थामा हामी ढुंगे युगको वातावरणमा बस्नुपर्ने अवस्था हुनेथियो । लगानीमैत्री वातावरण तयार गरी निजी क्षेत्रलाई समेत राष्ट्रिय विकासमा समाहित गराउने र रोजगारी सिर्जना गर्ने महत्वपूर्ण भूमिका रहन्छ ।*

र रोजगारी सिर्जना गर्ने महत्वपूर्ण भूमिका रहन्छ । नेपालमा औद्योगिक क्षेत्रका साना मझौला र ठूला गरी करिब नौ लाख रोजगारदाता प्रतिष्ठान छन् । हालसम्म सामाजिक सुरक्षा कोषमा २० हजार ३०२ वटा रोजगारदाता प्रतिष्ठानमा सूचीकृत भएका छन् । ती प्रतिष्ठानमा कार्यरत पाँच लाख ७१ हजार ९३७ जना आबद्ध भएका छन् । श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षाको सुरक्षा प्रदान गर्न उद्देश्यले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ कार्यान्वयनमा आएको छ । सामाजिक सुरक्षा कोषले श्रमिकले ११ प्रतिशत र रोजगारदाताले २०५ गरी कूल ३१५ रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पछिल्लो समयमा जर्मनीले नेपालबाट दक्ष तथा अर्धदक्ष नेपाली श्रमिक लिन इच्छा देखाउँदै आएको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जर्मनी पक्षसँग नेपाली श्रमिक पठाउन सक्ने सम्भावित क्षेत्रबाट रे अध्ययन पनि सुरु गरेको छ । नेपालको संविधान २०७२ भाग ३ को धारा ३४ मा श्रमको हक उल्लेख गरिएनुसार प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा र योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने स्पष्ट व्यवस्था छ । सरकारले उपदान पाउने बाहेकका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने व्यवस्था गर्ने गरी राजपत्रमा सूचना प्रकाशित गरेको छ । सरकारी सेवाको अस्थायी करार ज्यालादारीमा कार्यरत प्रत्येक प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, निगम बोर्ड कम्पनी, लिमिटेड, प्राधिकरण र प्रतिष्ठानमा कार्यरतले कोषमा समावेश हुन पाउनेछन् । नेपाल सरकारले र सामाजिक सुरक्षा कोषले कम्पनी लिमिटेड संस्थानलाई आबद्ध गर्न पहल गरे पनि स्वामित्व निकाय मन भएका छन् । करार अस्थायी कर्मचारीको हितमा अघि बढेको देखिँदैन । यसतर्फ सो नेपाल सरकारको पूर्णस्वामित्व कम्पनी लिमिटेडले तत्काल कर्मचारीलाई कोषमा समावेश गराई अघि बढ्नुपर्ने देखिन्छ योगदान रकम कोषले विभिन्न योजनामा बाँडफाँड गर्नेछ । उक्त रकमको एक प्रतिशत औषधि उपचारमा स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा रहन्छ । दुर्घटना तथा अशक्त सुरक्षा योजनाका लागि १/४०५ आर्थिक परिवार सुरक्षा योजनाका लागि २०/२७५ र वृद्धावस्था र सुरक्षा योजनाका लागि २८/३३ प्रतिशत रहन्छ । योगदानकर्ताले औषधोपचार स्वास्थ्य सुरक्षा तथा मातृत्व सुरक्षा सुविधाअन्तर्गत चिकित्सकको परामर्श सेवा पाउँछन् । त्यस्तै अस्पताल भर्ना भई तथा सल्यक्रियाबापतको शुल्क रोग परीक्षण तथा उपचारबापतको खर्च औषधिको बिल बमोजिम खर्च पाइन्छ । योगदानकर्ताको पत्नी गर्भवती भई नियमित गर्भ परीक्षण गराउँदाको खर्च पनि कोषले उपलब्ध गराउँछ । अस्पताल भर्ना भई प्रसूतिसम्बन्धी शल्यक्रिया वा उपचार गराउँदाको खर्च पनि कोषले बेहोर्नेछ । सुत्केरी भएको छ हप्तासम्मको सुत्केरीसँग सम्बन्धित खर्च तथा तीन महिनासम्मको शिशुको उपचारबापत खर्च पनि व्यहोर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । योगदानकर्ता अस्पताल भर्ना भई उपचार गराउँदा लागेको खर्चसम्बन्धी अवस्थालाई सिधै कोषले भुक्तानी गर्नेछ । २०८२ साउन १ गतेदेखि नेपाल सरकारले सामाजिक सुरक्षा कोषमार्फत सम्पूर्ण सार्वजनिक निजी औद्योगिक क्षेत्रमा अस्थायी, करार, ज्यालादारी श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्ने सम्बन्धी निकायलाई कानुनी रूपमा कोषमा सहभागी हुनपर्ने व्यवस्था अनिवार्य गरेको छ । सबै श्रमिकहरूको पक्षमा सम्बन्धी निकाय सकारात्मक भई सो कार्यका लागि अघि बढ्नेछन् ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। विचार नगरी वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ।
**वृष** : परीक्षामा सफलता मिल्नेछ। स्वास्थ्यलाई लिएर सजग रहनुहोस्।
**मिथुन** : यात्रा गर्दा सामानको सुरक्षामा ध्यान दिनुहोला। चिताएको कार्य सम्पादन हुनेछ।
**कर्कट** : कार्यक्षेमा योजना बनाएर कार्य गर्नुहोला। पारिवारिक सद्भावमा कमी आउनेछ।
**सिंह** : मनमा उत्साह जाग्नेछ। अरुको मुख ताक्नु भन्दा आफ्नो कार्य स्वयं गर्नुहोस्।
**कन्या** :आँटिको कार्यमा सफलता मिल्नेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ।
**तुला** : कलाको क्षेत्रमा विशेष सफलता मिल्नेछ शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ।
**वृश्चिक** : रोजगारमा सफलता मिल्नेछ। आकस्मिक धनहानिका योग छन्।
**धनु** : अध्यात्मतर्फ झुकाव बढ्नेछ। आफूभन्दा ठूलाको साथ र सहयोग मिल्ला।
**मकर** : नोकरीमा प्रभाव बढ्नेछ। अधिकारी वर्गहरूबाट प्रशंसा पाइएला।
**कुम्भ** : बदलावले ठूलो कार्यसम्पादन हुनेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ।
**मीन** : बनिरहेको कार्य बिग्रिन सक्छ। उच्च शिक्षालाई लिएर विदेशतिरको बाटो खुल्ला।

# रामपुरमा मेयरसँग बालबालिका



**पाल्पा (रामपुर),** आसार २२/जिल्लाको रामपुरमा मेयरसँग बालबालिकाका कार्यक्रम गरिएको छ । दरैठाँटी माध्यमिक विद्यालय रामपुर-६ विजयपुरमा नगर भित्रका विद्यालयमा अध्ययनरत बालबालिकासँग नगर प्रमुख रमणबहादुर थापाले अन्तर्क्रिया गरेका हुन् ।

बालबालिकाको समस्या पहिचानसँगै आवश्यक सुझाव संकलन गर्नका लागि कार्यक्रम गरिएको नगरपालिकाले जनाएको छ । कार्यक्रममा बालबालिकाहरुले बालबालिकाको क्षेत्रमा आगामी वर्ष हुने कार्यक्रम, बजेट, दिवा खाजा, बालबालिकाको प्रतिभा प्रस्फुटनमा नगरले लिएको नीति, लागुपदार्थ दुर्व्यसनी न्यूनिकरण, सामुदायिकसँगै अन्य विद्यालयका विद्यार्थीहरुलाई छात्रवृति कार्यक्रम सञ्चालनका विषयमा आृना जिज्ञासा राखेका थिए । छात्राहरुले विद्यालयका लागि वितरण गरिएका सेनेटरी प्याडको गुणस्तरको बारेमा मेयरलाई प्रश्न समेत गरेका थिए । बालबालिकाको प्रश्न र जिज्ञासा मेटाउँदै नगर प्रमुख थापाले बालबालिका भविष्यको आधार भएकाले उनीहरुको समस्या र धारणा बुझ्न कार्यक्रमलाई निरन्तरता दिदै आएको बताए । उनले पूर्वाधार विकाससँगै बालबालिकाको शिक्षाका लागि नगरपालिका प्रतिवद्ध भएर लागेको बताए । थापाले बालमैत्री स्थानीय शासन लागु गर्नका लागि सुरु भएको अभियानमार्फत बालबालिकाको क्षेत्रमा थप कार्य गर्ने उल्लेख गरे । असहाय बालबालिकाको संरक्षणका लागि नगरपालिकाले आृनो तर्फबाट र अन्य संघ संस्थासँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्दै आएको उनको भनाई छ । आर्थिक अभावमा कोही पनि बालबालिका शिक्षाबाट बञ्चित हुनु नपर्ने नगर प्रमुख थापाले बताए । बालबालिकाको सुझावलाई पूर्ण पालना गर्दै नगरपालिका अघि बढ्ने बताउँदै थापाले शिक्षा आर्जन गरी देशको लागि योगदान गर्छु भन्ने धारणाका साथ अघि बढ्न बालबालिकालाई अनुरोध गरे । सोही अवसरमा नगरपालिकाले एसइईमा ३.६ जिपिए वा सो भन्दा माथि अंक ल्याउने नगर भित्रका ८७ जना विद्यार्थीहरुलाई नगद सहित सम्मान गरेको छ । रामतुलसी नमुना माविबाट चार जिपिए ल्याउन सफल अनुजा श्रेष्ठ र विविशा घिमिरे सहित १२ वटा विद्यालयका विद्यार्थीहरुलाई नगद सहित सम्मान गरिएको हो । चार जिपिए ल्याउन सफल दुई विद्यार्थीलाई नगद पाँच हजार सहित सम्मान पत्र र ३ दशमलव ६ जिपिए वा सो भन्दा बढी अंक ल्याउने विद्यार्थीलाई नगद दुई हजार सहित सम्मान पत्रले सम्मान गरिएको छ । नगर प्रमुख थापा, उपप्रमुख बालकुमारी थापा, नगर प्रवक्ता कपिलबहादुर खाँण सहितका जनप्रतिनिधिहरुले विद्यार्थीहरुलाई सम्मान गरेका थिए । एसइईमा ए प्लससहित नतिजा ल्याउन सफल नगर भित्रका १२ विद्यालयलाई पनि नगरपालिकाले सम्मान गरेको छ । कार्यक्रमको अवसरमा नगर भित्रका ५२ वटा सामुदायिक विद्यालय र १ वटा क्याम्पसका ३ सय ३६ विद्यार्थीलाई मेयर छात्रवृत्ती कार्यक्रम मार्फत छात्रवृति प्रदान गरिएको थियो ।

प्राविधिक धारणका २३ जना विद्यार्थीलाई चार/चार हजार र अन्य साधारण तर्फका विद्याथीहरुलाई दुई हजार पाँच सयका दरले ११ लाख ९९ हजार चार सय रुपैयाँका बराबरको छात्रवृति प्रदान गरिएको नगर शिक्षा अधिकृत विकल काफ्लेले जानकारी दिए । मेयरसँग बालबालिका कार्यक्रमको सहजिकरण नगर शिक्षा अधिकृत विकल काफ्लेले गरेका थिए । नगर प्रमुख थापाको अध्यक्षता, उपप्रमुख बालकुमारी थापाको स्वागत र शिक्षाका प्राविधिक सहायक अनिता कुँवरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## तिनाउमा होमस्टे तालिम...

...हाल मरामकोटमा ५ घर र जन्तीलुङ्गमा १२ घरमा होमस्टे सञ्चालनमा रहेका छन् । बिउ पुँजी वितरण कार्यक्रममा गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले मरामकोट र जन्तीलुङ्गमा व्यस्थित रुपमा होमस्टे सञ्चालन गर्न पालिकाले ठूलो लगानी गरेको बताए । गाउँमै बसी-बसी पर्यटन व्यवसायको माध्यमबाट आयश्रोत बढाउन होमस्टे व्यवसायलाई प्रवर्द्धन गर्न बिउ पुँजीसहितको तालिमहरु सञ्चालन गरेको अध्यक्ष श्रेष्ठले बताए । पालिका उपाध्यक्ष लालबहादुर थापाले मरामकोट र जन्तीलुङ्ग पैसा फल्ने स्थान भएकाले महिनामा एक परिवारबाटै लाखौ रुपैयाँ कमाउन सकिने स्थिति देखेर पालिकाको साझेदारीमा लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन गरिएको बताए । प्रमुख प्रशासकीय अधिकृत दिनेश सारुले जन्तीलुङ्ग मरामकोट निकै सुन्दर ठाउँ रहेकाले हिमालदेखी तराई सम्मका दृश्यहरु एकै स्थानबाट एकै नजरमा हेर्न सकिने र प्राकृतिक सुन्दरतामा रमाउन पर्यटकहरुको आकर्षण बढ्दै गएको बताए । उनले पर्यटकहरुको माध्यमबाट स्थानीय स्तरमा आम्दानी बढाउन पालिकाको सहयोग निरन्तर रहने बताए । पालिकाले बिउ पुँजीको माध्यमबाट मौरी, कुखुरा, बाख्रा र बंगुर, मौसमी तथा बेमौसमी तरकारीको उत्पादनमा बृद्धि गर्ने अपेक्षा सहित तालिममा सहभागीहरुलाई निश्चित समय सम्म बिउ पुँजी मास्न नपाउने गरी स्थानीयहरुमा वितरण गरेको गाउँपालिका मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमका फोकल पर्सन कृष्ण ज्ञवालीले बताए । पालिकाले होमस्टे प्रचार प्रसारको लागि सिद्धार्थ राजमार्गको दोभान, झुम्सा, चर्चरे, डुम्रे तथा दुबै क्षेत्रको विभिन्न चोक चोकमा होडिङ्गबोर्डहरु समेत राखेको छ । पालिका भित्रका अग्ला अग्ला पहाड तथा टाकुराहरुमा ग्रामीण पर्यटन व्यवसाय फैलाई स्थानीयहरुको आयआर्जन बढाई, युवाहरुलाईलाई गाउँमै स्वरोजगार बनाउन गाउँपालिकाले सामुदायिक कृषि पर्यटन( होमस्टे प्रवर्द्धन) कार्यक्रम सञ्चालन गरेको छ । प्रदेश सरकार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत मरामकोट र जन्तीलुङ्गमा सामुदायिक होमस्टे सञ्चालनमा ल्याएको हो । त्यहाँ दैनिक एक सय भन्दा बढी पर्यटकहरु घुम्न जाने गरेका छन् ।

### खेलकुद समाचार

## कराते च्याम्पियनशिपमा नेपाल उपविजेता



**काठमाडौं,** असार २२/नवौं दक्षिण एशियाली कराते च्याम्पियनशिपमा नेपाल उपविजेता बनेको छ । नेपाल २१ स्वर्ण, ९ रजत र २० कांस्यसहित टिम उपविजेता भएको नेपाल कराते महासैका अध्यक्ष युवराज लामाले जानकारी दिए । महिला ६८ केजीमाथि कराते महासैबाट हिमालयन वारियर्स उपनाम पाएकी एरिका गुरुङ, ५० केजीमा पुष्पका लामा, ५५ केजीमुनि सविना श्रेष्ठले व्यक्तिगत र टिम कुमुतेमा नेपाललाई दोहोरो स्वर्ण दिलाए । प्रदीप बैजाली मगरले २१ वर्षमुनि र सिनियरको व्यक्तिगत कुमुतेमा १/१ स्वर्ण तथा टिम कुमुतेमा रजत जिते । घरमा भएको सातौं संस्करण र भूटानमा भएको आठौं संस्करणमा भने नेपाल टिम विजेता बनेको थियो । श्रीलङ्काको कोलम्बोमा भएको प्रतियोगतामा भारत टिम विजेता बन्यो । भारतले २३ स्वर्ण, २४ रजत र १२ कांस्य जित्यो । तेस्रो स्थानमा रहेको श्रीलङ्काले १६ स्वर्ण, २० रजत र २३ कांस्य जित्यो । ३ स्वर्ण, ७ रजत र १४ कांस्य जितेको बंगलादेश चौथो भयो । ६ वटा देश सहभागी प्रतियोगितामा पाकिस्तान १ रजत र ७ कांस्यसहित पाँचौं र भूटान १ रजत र १ कांस्यसहित छैटौं भए ।

### बिमालेख हराएको सूचना

यहि मिति २०८२/०२/०५ गतेका दिन **एसियन लाइफ इन्स्योरेन्स**को निम्न विवरणको बिमालेख बगनासकालीदेखि तानसेनतर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम :** कृष्ण प्रसाद न्यौपाने
**ठेगाना :** बगनासकाली-७, पाल्पा
**सम्पर्क न :** ९८४७१५०३७७
**पोलिसी नम्बर :** ५४०८००००४९३

### वर्गिकृत डिस्प्ले


*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## सामान्य अङ्कले बढ्यो नेप्से



**पाल्पा,** असार २२/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कले बढेको छ । कारोबार साताको पहिलो दिन आइतबार नेप्से परिसूचक दुई दशमलव ४० अङ्कले बढेर दुई हजार ७ सय ६ दशमलव ३६ को बिन्दुमा कायम भएको हो ।

कुल ८७ कम्पनीको सेयर मूल्य बढ्यो भने १६२ कम्पनीको मूल्य घट्यो । कुल ८७ हजार ३ सय ९८ पटकको सेयर किनबेचबाट ९ अर्ब ५० करोड रुपैयाँको सेयर कारोबार भएको छ । नेपाल फाइनान्स कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढेर सर्किट ब्रेक लाग्यो । गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको ७ दशमलव ३६, राप्ती हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सनको ५ दशमलव ७०, माथिल्लो हेवा खोलाको ५ दशमलव १८ र जानकी फाइनान्स कम्पनीको ४ दशमलव ९१ प्रतिशतले सेयर मूल्य बढ्यो । बैंकिङ, फाइनान्स, लगानी, उत्पादन तथा प्रशोधन, सामूहिक लगानी कोष, अन्य र व्यापार उपसमूह बढ्यो भने बाँकी उपसमूहहरु घट्यो । विकास बैंक एक दशमलव ५३, होटल तथा पर्यटन शून्य दशमलव २५, जलविद्युत् एक दशमलव शून्य पाँच, जीवन बिमा एक दशमलव ३०, लघुवित्त शून्य दशमलव शून्य छ र निर्जीवन बिमा शून्य दशमलव ५१ प्रतिशतले घटेको छ । नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी गुडविल फाइनान्स लिमिटेड डिबेन्चर-२०८३ को शेयर मूल्य आठ दशमलव ८७ प्रतिशतले घटेको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी नेपाल रिइन्सुरेन्स कम्पनी लिमिटेडको ४९ करोड ४० लाख आठ हजार ४ सय ८५ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी एनएमबी सुलभ इन्भेस्टमेन्ट फण्ड-२ को ५१ लाख ५६ हजार ७५० कित्ता खरिदबिक्री भएको छ ।

## शिक्षक आवश्यकता

***प्रकाशित मिति : २०८२/03/२३***

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/03/१८ गतेको निर्णय तथा रैनादेवी छहरा गा .पा. को मिति २०८२/03/२२ गते च.नं. १७९८ को सिफारिस पत्र तथा शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाको मिति २०८२/03/२२ गते, च.न १७४४ को अनुमति पत्रअनुसार तपसिल बमोजिको अस्थायी करार शिक्षक नियुक्तिको लागि विज्ञापन प्रकाशित गरिएको छ। विज्ञापनमा उल्लेखित विवरण अनुसारका योग्य इच्छुक नेपाली नागरिकबाट रीतपूर्वकको दरखास्त अह्वान गरिन्छ ।

**विज्ञापन नं.** : ०१/२०८२, **पद** : शिक्षक **संख्या** : १ (एक), **विषय** :अङ्ग्रेजी
तह : मावि, श्रेणी : तृतीय
**शैक्षिक योग्यता :** शिक्षा संकायमा मूल विषय अंग्रेजी लिई बी. एड. उत्तीर्ण वा सो सरह । (माथिल्लो योग्यता ICT सम्बन्धी सीप भएको र अनुभवीलाई प्राथमिकता)
**उमेर :** १८ वर्ष पूरा भई ४0 वर्ष ननाघेको
**तलब स्केल :** प्रचलित नियम अनुसार
**दरखास्त दिने अन्तिम मिति :** २०८२/0४/0५ गते **(कार्यालय समय भित्र)**
**सर्म्पक मिति** : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट ।
दरखास्त दस्तुर :१000/- (एक हजार मात्र)
**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिनेछ ।
**परीक्षाको किसिम :** लिखित, अन्तर्वार्तार आवश्यकतानुसार प्रयोगात्मक ।
**आवश्यक कागजातहरू :** नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता, अध्यापन अनुमतिपत्र तथा निरोगिता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु ।
*छनौट परीक्षाका दिन सक्कल प्रमाणपत्रहरु साथमा ल्याउनुपर्नेछ*
*(नोट: शिक्षक सेवा आयेगबाट करार योग्यता क्रममा सूचीकृत उम्मेदवारले आवेदन दिएमा स्वत : प्राथमिकतामा राखिनेछ ।)*
**सम्पर्क नं.** : ९८६७१२४01८, ९८४७0७0४१८,९८४७१७१0६८, ९८४७१३९५६0

**श्री वेद वेदाङ्ग संस्कृत तथा साधारण विद्यालय**
रैनादेवी छहरा-१, सिद्धेश्वर देवले,अर्चले,पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जंनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई